**मिति २०७८ पौष ६ गते (वि.सं. २०७८।९।६) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२२औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा सहलगानी खानेपानी तथा सरसफाई अन्तरगत सञ्चालन हुने बेलझुण्डी सहलगानी खानेपानी तथा सरसफाई आयोजनाको कूल अनुमानित लागत रु ३२,३४,८५,०२९(बत्तिस करोड चौतिस लाख पचासी हजार उनान्तीस) मध्ये सहलगानी आयोजना व्यवस्थापन कार्यालयबाट प्राप्त हुने अनुदान रकम ७० प्रतिशत का दरले रु ३२,३४,८५,०२९(बत्तिस करोड चौतिस लाख पचासी हजार उनान्तीस) र उपभोक्ता संस्थाको तर्फबाट १० प्रतिशत रकम रु ३,२३,४८,५०३(तीन करोड त्याईस लाख अडचालिस हजार पांच सय तीन) ब्यहोर्नु पर्ने र नगरबिकास कोषको तर्फबाट २० प्रतिशत का दरले हुन आउने रकम रु ६,४६,९७,००६(छ करोड छयालिस लाख सन्तानब्बे हजार छ रुपैया) नगरबिकास कोषले तोकेको ५ प्रतिशत ब्याजदरमा ऋण लिनुपर्ने भएकोले सो ऋणको धनजमानीमा बसिदिनका लागि उपभोक्ता संस्थाबाट अनुरोध भई आएकोले नगरबिकास कोष र उपभोक्ता संस्था बीच हुने ऋण संझौताको धन जमानी बस्ने निर्णय गरियो । साथै सोको ऋण संझौताको धन जमानीमा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको तर्फबाट हस्ताक्षर गर्न नगरप्रमुख श्री घनश्याम पाण्डे ज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्मार्ट छोरी बिहेवारी २० बर्ष पारी कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ मा भएको ब्यवस्था अनुसार २०७७ श्रावण १ गते देखि जन्मीएका छोरीहरुका लागि खातामा बाषिर्क रु १२००।(एक हजार दुई सय मात्र) जम्मा हुने ब्यवस्था भएको र आ.ब. २०७८/०७९ को नीतिमा उक्त रकमलाई दोब्बर गर्ने भनि समावेश गरीको हुदा सो बिषयमा स्मार्ट छोरी बिहेवारी २० बर्ष पारी कार्यक्रम सञ्चालन निर्देशक समितिको मिति २०७८।५।३१ गतेको बैठकले रकम दोब्बर गराउने निर्णय गरेकोले उक्त रकमलाई दोब्बर गरी बार्षिक रु २४००।(दुईहजार चार सय मात्र) खातामा जम्मा गरीदिने निर्णय गरीयो ।

**निर्णय नं. ३**

यस तुलसीपुर उपमहानगरपालिकामा नगरसभा तथा कार्यपालिका बैठकबाट गठित सबै समितिहरुमा पदाधिकारीको ब्यवस्थालाई समावेशी गराउन २०७८ पौष मसान्त भित्र सबै समितिहरुको बैठक बसी कम्तीमा ३३ प्रतिशत महिला सहितको समावेशी समिति गठन तथा थप गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरीयो ।

घनश्याम पाण्डे
प्रमुख

मोहन घोडेला
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७८ पौष ६ गते (वि.सं. २०७८।९।६) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२२औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ४**

यस तुलसीपुर उपमहानगरपालिकाका १९ वटै वडाबाट हुने जग्गा नापजांच कार्यमा आवश्यक सर्जमिन मुचुलकामा अमिनबाट मुचुल्का नगर्दा राजश्वमा चुहावट हुने सम्भावनालाई दृष्टिगत गरी सबै वडामा जग्गा नापजांचको सर्जमिन मुचुल्का स्वंय सम्बन्धीत वडाको अमिन बाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकामा रातो किताबमा समावेश नभएका र रातो किताव प्रकाशन पछि बिभिन्न वडाको सिफारिसमा माग भई आएका योजनाहरुको आवश्यक्ता,आर्थिक व्यभार तथा शार्न्दभिकताका सन्दर्भमा भौतिक पुर्वाधार बिकास समितिले सम्बन्धीत शाखाको समन्वयमा अध्ययन छलफल गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ६**

यस तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ मा रहेको औगिक ग्राम सञ्चालनका लागि आवश्यक कागजात सहित घरेलु तथा साना उद्योग कार्यालय मार्फत सम्बन्धीत निकायका नाममा सिफारिस गरी पठानउने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को तुलसीपुर-सुर्खेत सठक खण्डको पिपलबोट नेर निर्माणाधिन कल्भर्टको आ.ब.२०७८/०७९ को स्वीकृत बार्षिक तथा कार्यक्रम को खर्च संकेत नं. २८९११ भैभरी आउने चालु खर्च शिर्षकबाट रु ४६०००००।(छयालीस लाख मात्र) यस उपमहानगरपालिका बाट ब्यहोर्ने र बांकी रकम उपभोक्ताबाट ब्यहोर्ने गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरीयो ।

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ पौष ६ गते (वि.सं. २०७८।९।६) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२२औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ८**

यस तुलसीपुर उपमहानगरपालिकाको प्राबिधि सहायक पदपुर्ति समितिमा तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.श्री मोहन पौडेल(प्रमुख प्रशासकीय अधिकृत) | अध्यक्ष |
| २.श्री सम्बन्धीत क्षेत्रको बिज्ञ | सदस्य |
| ३.श्री ई.पवन कुमार योगी | सदस्य |
| ४.श्री बिष्णुकुमारी आचार्य(अधिकृत आठौं) | सदस्य सचिव |

**निर्णय नं. ९**

यस तुलसीपुर उपमहानगरपालिकाको रिक्त रहेको सर्भेक्षकको पदपुर्तिका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.श्री मोहन पौडेल(प्रमुख प्रशासकीय अधिकृत) | अध्यक्ष |
| २.श्री प्रदिप ज्ञवाली(नापी अधिकृत) | सदस्य |
| ३.सम्बन्धीत क्षेत्रको बिज्ञ | सदस्य |
| ४.श्री बिष्णुकुमारी आचार्य(अधिकृत आठौं) | सदस्य सचिव |

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ नयां बसपार्कमा रहेको टर्मिनल भवन र ५२ वटा सटरको ठेक्का नं. क्रमश : रा ०५/०७६/०७७ र रा ०३ /०७६/०७७ ठेक्काको सम्बन्धमा मिति २०७८।७।१० गते बसेको कार्यपालिका बैठकको निर्णय नं. १३ बाट उपरोक्त ठेक्काहरुको सम्बन्धमा अध्ययन गरी





घनश्याम पाण्डे
प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७८ पौष ६ गते (वि.सं. २०७८।९।६) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२२औं कार्यपालिका बैठका निर्णयहरु :**

प्रतिवेदन पेश गर्न गठित समितिको मिति २०७८।९।५ गते पेश गरीएको प्रतिवेदन स्वीकृत गर्दै हाललाई निज बुढाथोकी ट्रेड एण्ड सप्लायर्स प्रो भिमबहादुर बुढाथोकी रहेको ठेक्काको यस कार्यालयको धरौटी खातामा रहेको रकम रु ५,०६२००। ५०(पांचलाख छ हजार दुई सय रुपैया पैसा पचास मात्र) जफत र राफसाफ गरी निजको कारवाही फुकुवा गरिदिने निर्णय गरीयो ।

**निर्णय नं. ११**

यस तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब.को आन्तरिक आयको अवस्था बिश्लेषण तथा अध्ययन गरी निर्धारित समयमा लक्ष्य अनुरुपको राजश्व संकलन गर्न र प्रभावकारी करका दरबन्दीहरुलाई कार्यान्वयन गर्न आर्थिक समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०७८/०७९ को आयब्यय र खर्चको वास्तबिक अवस्थाको सम्बन्धमा गहन अध्ययन बिश्लेषण गरी सोको यथार्थ विवरण पेश गर्न सुशासन र लेखा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्रका जग्गाहरुमा प्रभावकारी रुपमा बाटोको लगत कट्टि नगर्दा यस उपमहानगरपालिकाको राजश्व समेत प्रभावकारी रुपमा संकलन नभई बिकास निर्माणमा समेत असर परेकोले सोको प्रभावकारी कार्यान्वयनका लागि लगत कट्टिलाई अनिवार्य गर्न तपसिल बमोजिमको लगत कट्टि समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| १. श्री प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २.श्री नापी अधिकृत | सदस्य |
| ३.श्री योजना शाखा प्रमुख | सदस्य |
| ४.श्री भूमि ब्यवस्था शाखा | सदस्य |



घनश्याम पाण्डे
प्रमुख

... घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७८ पौष ६ गते (वि.सं. २०७८।९।६) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२२औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं.१४**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७७/०७८ को संस्थागत क्षमता स्व मुल्याङ्कन कार्यबिधि बमोजिम प्रारम्भिक मुल्याङ्कन गरियो ।

घनश्याम पाण्डे
प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत